नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७४/०७५
चलानी नं.: ८३४६

मिति :- २०७४।१०।२९

विषय:– राष्ट्रिय प्रजातन्त्र दिवश मनाउने समवन्धमा ।

**श्री महानगरकार्यपालिकाको कार्यालय, सबै**
**श्री उपमहानगरकार्यपालिकाको, कार्यालय, सबै**
**श्री नगरकार्यपालिकाको, कार्यालय, सबै**
**श्री गाउँकार्यपालिकाको, कार्यालय, सबै**

उपरोक्त सम्वन्धमा गृह मन्त्रालयको च.नं. ८०७ , मिति २०७४।१०।२५ को पत्र यसै साथ संलग्न छ । सो अनुसार गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

**वोधार्थ**
श्री सूचना तथा विधुतीय शासन शाखाः *Website* मा राखिदिनु हुन ।

अत्यन्त जरुरी

नेपाल सरकार

# गृह मन्त्रालय

६८औं राष्ट्रिय प्रजातन्त्र दिवस
मूल समारोह समिति, २०७४

पत्र संख्या:- प्रजातन्त्र/०७४/०७५ च.नं. ८०७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:-२०७४/१०/२५

विषय : राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने बारे ।

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।

सम्मानननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित ६८औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिको निर्णयानुसार प्रदेशका केन्द्रहरूमा माननीय प्रदेश मुख्य मन्त्रीज्यूको नियुक्ति भै सकेको अवस्थामा मुख्य मन्त्रीज्यूको अध्यक्षता सो नभएको अवस्थामा सम्वन्धित प्रदेश सरकारका प्रमुख सचिवज्यूको अध्यक्षतामा प्रदेशस्तरीय समिति र जिल्लाका सदरमुकामहरूमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा ६८औं राष्ट्रिय प्रजातन्त्र दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमकासाथ फागुन ६, ७ र ८ गते तीन दिनसम्म प्रजातन्त्र दिवस मनाउने र साँझ दीपावली गर्ने ।

त्यसैगरी जिल्ला भित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिकाहरू र गाउँपालिकाहरूमा सम्वन्धित स्थानीय तहका प्रमुखको नेतृत्वमा स्थानीय राजनीतिक एवं सामाजिक संघ-संस्थाहरूका साथै सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरूको सहभागितामा सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम सहित फागुन ६, ७ र ८ गते तीन दिनसम्म प्रजातन्त्र दिवस मनाउने र साँझ दीपावली गर्ने समेतका विविध कार्यक्रमहरु तय गरी राष्ट्रिय प्रजातन्त्र दिवस, २०७४ भव्य रुपमा मनाउन निर्णयानुसार अनुरोध छ ।

(ईश्वरराज पौडेल)
सह-सदस्य सचिव